# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:९ सख्या: ७ गाउँकार्यपालिकाबाट पारित मिति: २०८३।०४।०८

# भाग-२

## सिस्ने गाउँपालिकाको स्तरीय कृषक संजाल कार्यान्वयन कार्यविधि,२०८३

प्रस्तावना:

कृषि क्षेत्रसंग आवद्ध निकायहरुको संलग्नता र सहभागितामा सुचना प्रवाह, जनचेतना, तथ्याङक संकलन, कार्यक्रम माग, योजना छनौट, कार्यक्रम संचालन, बजारीकरण तथा अनुगमनमा सहजीकरण गर्ने उदेश्यको साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता वृद्धि गरी बढी सेवा प्रवाह तथा कृषकको माग सम्बोधन मार्फत समग्र कृषिको विकास गर्नको लागि र यस सिस्ने गाउँपालिका अन्तर्गत कृषि उद्धमी समुह सहकारी तथा अन्य सरोकारवाला संलग्न कृषि संजाल मार्फत कृषि सूचना प्रवाह तथा प्रविधि प्रचार प्रसार गर्ने र एकद्वार प्रणाली अनुसार कार्यक्रम संचालन गर्ने निती कार्यान्वयन गर्न वान्छनीय भएकोले गाउँ कार्यपालिकाले कषि संजाल कार्यान्वयन कार्यविधि २०८३ स्वीकृत गरी लागु गरिएको छ।

# परिच्छेद- १

## १ संक्षिप्त नाम र प्रारम्भ

यो कार्यविधिको नाम 'सिस्ने गाउँपालिका स्तरिय कृषक संजाल कार्यान्वयन कार्यविधि, २०८३' रहेको छ।

## २ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**कृषि शाखा** : भन्नाले गाउँपालिकाको कृषि विकास शाखालाई बुझाउनेछ।
**सञ्जाल** :भन्नाले कृषि सम्बद्द कृषि सरोकारवाला संलग्न संस्था भन्ने बुझिन्छ।
**गाउँपालिका** : भन्नाले सिस्ने गाउँपालिका भन्ने बुझ्नुपर्दछ।
**गाँउ सञ्जाल** : भन्नाले गाउँपालिका स्तरमा गठन भएको कृषि सञ्जाल भन्ने बुझ्नुपर्छ।
**सरोकारवाला** : भन्नाले कृषि उपज उत्पादक, कृषक, कृषि समुह, कृषि सहकारी, कृषि सामग्री वितरक ,कृषि उपज बिक्रेता, कृषि आबद्ध संघ संस्था बुझिन्छ।
**सम्बन्धित निकाय** : भन्नाले सिस्ने गाउँपालिका वा सिस्ने गाउँपालिकाको कृषि विकास शाखा भन्ने बुझिन्छ।
**संजाल** : भन्नाले कृषि सम्बद्ध सरोकारवाला संलग्न संस्था भन्ने बुझ्नुपर्दछ।
**सार्वजनिक निकाय** : भन्नाले सरोकारवाला सरकारी सैस्थालाई बुझाउनेछ।

## ३ उद्देश्य

यस कार्यविधिका उदेश्य देहाय बमोजिम रहेको छ।

गाउँपालिका भित्र कृषि क्षेत्रका समस्याहरु पहिचान गर्ने, पालिका भित्र हुन सक्ने संभावित व्यावसायिक कृषि उत्पादन तथा आवश्यक कार्यक्रमको पहिचान गरी गाउँपालिकालाई सुझाव दिने, गाउँपालिकाबाट संचालित कृषि कार्यक्रमको कार्यान्वयन गर्ने र संचालित कार्यक्रमको अनुगमनको लागि सहयोग गर्ने तथा पृष्ठपोषण दिने ।

# परिच्छेद-२

## ४ संजाल गठन विधि

**यस संजाल मा देहाय बमोजिमका समिति रहने व्यवस्था रहेको छ।**

- पहिलो समितिको गठन सिस्ने गाउँपालिकाको कृषक सम्मेलन वा सो सरहको कार्यक्रमबाट गरिनेछ।
- उक्त कार्यक्रममा गाउँपालिका भित्र कृषि कर्म गर्दै आएका अगुवा कृषकहरुले सर्वसम्मत वा चुनावबाट २० सदस्यीय समितिको गठन कृषि प्राविधिक तथा जनप्रतिनिधिको रहोबरमा गर्नेछन ।
- २० सदस्यीय समितिमा सदस्य सचिवको भुमिका अधिकृत स्तरको कृषि तथा पशुपंक्षि शाखाको कर्मचारीको रहनेछ।
- गठन भएको समिती (कृषक संजाल) का सदस्यले सर्वसम्मत वा चुनावबाट एक जना कृषकलाइ कृषक संजाल समितिको संयोजक चयन गर्नेछन।
- प्रत्येक वडाबाट १ जना कृषकलाई सम्बन्धित वडाको focal person तोकिनेछ।
- FOCAL PERSON को काम सम्बन्धित वडाका कृषकहरुको समस्या सुझाव गाउँपालिका समक्ष पुर्याउने र गाउँपालिकाको कृषि सम्बन्धि जानकारी सुचना वडाभरिका कृषक समक्ष पुर्याउनु पर्नेछ।
- उक्त समितिको पदावधी २ वर्षको रहनेछ ।
- पदावधी सकियको ६ महिना भित्र कृषक सम्मेलन आयोजना गरी पुरानो समिति हेरफेर वा नयाँ समिती चयन गरिने छ ।

**कृषक संजालको सदस्यमा हुनुपर्ने योग्यताहरु**

- १८ वर्ष उमेर पुगेको नेपाली नागरिक।
- स्वयमसेवाको भावना भइ निशुल्क सेवा गर्ने भावना भएको ।
- सम्बन्धित कृषि क्षेत्रमा कम्तीमा ४ वर्षदेखी कृषि पेशामा संलग्न भएको ।
- वडाभित्र भएको कृषि र खेतियोग्य जमिनको बारेमा जानकारी भएको।

## ५ गाउँपालिका स्तरिय कृषि संजाल कार्य समितिको काम कर्तव्य र अधिकार

- सिस्ने गाउँपालिकाको कृषि नीति तथा वार्षिक कार्यक्रम अनुसारको क्रियाकलापमा सहकार्य गर्ने।
- वडास्तरबाट संकलन भएका मागहरुको विश्लेषण गरी अति महत्वपूर्ण कार्यको प्राथमिकता तोकी कार्यक्रम कृषि विकास शाखामा राख्ने।
- गाउँपालिकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने।
- वडा भित्र बसोबास गर्ने कृषकहरुको समस्था गाउँपालिका सम्म पुर्याउन मदत गर्ने।

# परिच्छेद – ३

## आर्थिक पक्ष

- कृषक संजाल कार्यक्रमको लागि गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा आवश्यकता अनुसार बजेट व्यवस्थापन गर्नेछ।
- वर्षको एकपटक कृषक संजालको सम्मेलन आयोजना गरिनेछ।
- उक्त बजेटबाट सदस्यहरुलाई प्रमाणपत्र लगायत अन्य शिर्षकमा आवश्यकता खर्च गर्न सकिनेछ।
- उक्त कार्यक्रमको लागि सहभागी हुने कृषकहरुलाई यातायात खर्च (दुरीअनुसार) ,स्टेसनरी र सहभागीहरुलाई दैनिक सहभागी भत्ता उपलब्ध गराइनेछ।

**कार्यविधिमा संसोधन** :आवश्यकताअनुसार गाउँपालिकाको विधान समितिको बैठकले कार्यविधि संसोधन गर्न सकिनेछ ।

<u>अनुसुची -१</u>

कृषक संजालको सदस्यहरुको प्रमाणपत्रको ढाँचा

**सिस्ने गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

## प्रमाण पत्र

सिस्ने गाउँपालिका स्तरिय कृषक संजाल कार्यान्वयन कार्यविधी २०८३ अनुसार आ .व …………देखी ………सम्मको लागि गठन भएको सिस्ने गाउँपालिका स्तरिय कृषक संजानको सदस्य /संयोजक / सदस्य सचिव श्री ………. लाइ ससम्मान यो प्रपाण पत्र उपलब्ध गराइएको छ।

…………………………………… ……………………………

कषि विकाश शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

आज्ञाले

डिल्ली खड्का

प्रमुख प्रशासकिय अधिकृत